# आमाछोदिङ्मो गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## गोल्जुङ, आमाछोदिङ्मो-४, रसुवा
## ३ नं. प्रदेश नेपाल

### गाउँपालिका कार्यकारी प्रमुख मन्तव्य

आमाछोदिङमो गाउँपालिकाको समग्र पक्षको वस्तुगत विवरण समेटीएको पार्श्वचित्र निर्माण भई एउटा अत्यन्त उपयोगी तथ्याङ्कीय दस्तावेज तयार भई प्रकाशन हुन लागेकोमा अत्यन्त खुशी लागेको छ। नेपालको संविधानले नेपाललाई संघीय लोकतान्त्रिक गणतन्त्रको रुपमा स्वीकार गरेसँगै पुरानो एकातम राज्य संरचना परिवर्तन भई हाल नयाँ संघीय संरचनामा हामी प्रवेश गरेका छौँ। अहिलेको अवस्थामा स्थानीय तहको समग्र पक्षको वास्तविक तथ्याङ्क थाहा पाउनु अनिवार्य शर्त हो । यिनै मान्यतालाई आत्मसात गर्दै आगामी दिनमा यस गाउँपालिकाका समग्र नीति तथा योजना निर्माण गर्न सहज होस् र जुनसुकै व्यक्तिले चाहेको बखत यस गाउँपालिकाको वास्तविक विवरणको जानकारी प्राप्त गर्न सकोस भन्ने हेतुले निकै मेहेनेतका साथ आमाछोदिङमो गाउँपालिकाको यो पार्श्वचित्र निर्माण गरिएको छ।

२०७२ साल बैशाखमा गएको विनाशकारी भुकम्पका कारण यस गाउँपालिकाका मानिसहरुलाई विस्थापित बनाएको थियो । ति विस्थापित परिवारहरु हाल सम्म गाउँपालिका भित्र घर टहरा निर्माण गरी बसि नसकेको हुँदा तथ्याङ्क संकलनमा खटिएका गणकहरुले उनीहरुको पारिवारिक जानकारी लिन कठिनाई परेको थियो । तथापी सकेसम्म खोज विन गरेर भएपनि उनीहरुको पारिवारिक धुरी सम्मलाई यस पार्श्व चित्रमा राख्न सकेता पनि त्यस्ता परिवारको सम्पूर्ण विवरण प्राप्त गरी यस पार्श्वचित्रमा राख्न नसकिएको अवस्था रहेको छ।

गाउँपालिकाको घरधुरी, जनसङ्ख्या, शिक्षा स्वास्थ्य, खानेपानी तथा सरसफाई बालअधिकार आर्थिक अवस्था जस्ता विषयगत पक्षहरुलाई समेटेर तयार पारिएको यस पार्श्वचित्र यस गाउँपालिकासँग सम्बन्धित सबै सरोकारवालाहरुलाई अत्यन्त उपयोगी हुनेछ।

अन्त्यमा यो पार्श्वचित्र निर्माण गर्न प्राविधिक सहयोग गर्नुहुने सेयर नेपाल संस्थाका सम्पूर्ण पदाधिकारी तथा अध्यक्ष रामशरण आचार्य र सदस्य राजेन्द्र प्रसाद आचार्य, विषयगत प्रशिक्षक अर्जुन भट्टराई प्रशिक्षक तथा प्रतिवेदन लेखनमा सहयोग गर्नुहुने कमल फुयाँल, तथ्याङ्क संकलनमा खटिनु भएका गणक र सुपरिवेक्षक सबैलाई र तथ्याङ्क उपलब्ध गराई सहयोग गरिदिनु भएका समग्र गाउँपालिकाका परिवारमुलीहरुलाई धन्यवाद ज्ञापन गर्न चाहन्छु।

श्री विक्रम लिम्बु
प्रमुख प्रशासकीय अधिकृत
आमाछोदिङमो गाउँपालिका

